# प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।७।२६

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ को दफा ७ मा संशोधन** : प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन ( जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) निर्वाचन सम्बन्धी कार्यबोझको आधारमा मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनदेखि बढीमा पाँच दिनका लागि निर्वाचन अधिकृतले अनुसूची-३ बमोजिमको थप जनशक्ति काजमा ल्याउन सक्नेछ ।"

३. **मूल निर्देशिकाको दफा ९ मा संशोधन :** मूल निर्देशिकाको दफा ९ को उपदफा (१) को खण्ड (ख) को,-

(१) क्रमसङ्ख्या २. मा रहेका "(मतदातालाई मतपत्र दिन समेत)" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) क्रमसङ्ख्या ३. मा रहेको "दुईजना" भन्ने शब्दको सट्टा "तीनजना" भन्ने शब्द र "तीनजना" भन्ने शब्दको सट्टा "चारजना" भन्ने शब्द राखिएको छ ।

४. **मूल निर्देशिकामा दफा १०क. थप** : मूल निर्देशिकाको दफा १० पछि देहायको दफा १०क. थपिएको छ :-

**"१०क. गोला हाली छनौट गर्ने** : (१) निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई मतदान केन्द्रमा खटाउनु पूर्व त्यसरी खटाउने कर्मचारीको स्थायी ठेगाना समेत भएको सूची तयार गरी सो सूचीमा रहेका कर्मचारीलाई प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन अधिकारीको रोहबरमा गोला हाली विभिन्न मतदान केन्द्रमा खटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउने प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारीले तयार गरेको अति संवेदनशील मतदान केन्द्रमा खटाइने मतदान अधिकृत र सहायक मतदान अधिकृतहरुको स्थायी ठेगाना

समेतको अलगै सूची र अन्य संवेदनशील तथा सामान्य मतदान केन्द्रमा खटिने कर्मचारीको स्थायी ठेगाना सहितको सूची तयार गरी अति संवेदनशील मतदान केन्द्र र संवेदनशील तथा सामान्य मतदान केन्द्रको लागि अलग-अलग गोला हाली त्यसरी गोलाबाट छनौट भएका कर्मचारीलाई सम्बन्धित मतदान केन्द्रको मतदान अधिकृत र सहायक मतदान अधिकृतको रुपमा खटाउनु पर्नेछ ।

(३) यस दफा बमोजिम गोला हाली छनौट गर्ने प्रयोजनको लागि मतदान केन्द्रको नाम लेखिएका अलग-अलग गोला एउटा टोकरीमा राखी बन्द गर्ने, मतदान अधिकृतको रुपमा खटाउने कर्मचारी र सहायक मतदान अधिकृतको रुपमा खटाउने कर्मचारीको नाम, दर्जा, स्थायी ठेगाना र शिक्षकको हकमा कार्यरत स्थान र स्थायी ठेगाना समेत उल्लेख गरिएको अलग-अलग गोला अलग-अलग टोकरीमा राखी बन्द गर्ने, त्यसपछि सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयका सहायक कर्मचारीलाई तीनवटै टोकरीलाई राम्रोसँग अलग-अलग टोकरी हल्लाएर मिसाउन लगाउने र मिसाएपछि मात्र एक-एक वटा गोला छान्न लगाई छनौट गरी सम्बन्धित मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतको विवरण तयार गर्नु पर्नेछ । सो विवरण अभिलेख गरी निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र निर्वाचन अधिकारीबाट दस्तखत भएपछि मात्र सार्वजनिक गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गोलाबाट मतदान अधिकृत र सहायक मतदान अधिकृत छनौट गर्दा कर्मचारीको हकमा निजको घर ठेगाना रहेको वडाको मतदान केन्द्रमा र शिक्षकको हकमा निजको घर ठेगाना रहेको र कार्यरत रहेको वडाको मतदान केन्द्रमा खटिने गरी गोला परेमा त्यस्तो मतदान केन्द्रको लागि अर्को नाम छानी मतदान अधिकृत र सहायक मतदान अधिकृतको छनौट गरी सोको अभिलेख राख्नु पर्नेछ ।"

५. **मूल निर्देशिकाको दफा १९ मा संशोधन** : मूल निर्देशिकाको दफा १९ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) निर्वाचन सम्पन्न नभएसम्म सम्बन्धित जिल्लास्थित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका प्रमुखलाई अनुमति नलिई जिल्ला नछोड्न निर्देशन दिने,"

६. **मूल निर्देशिकामा अनुसूची थप** : मूल निर्देशिकाको अनुसूची-२ पछि देहायको अनुसूची-३ थपिएको छ :-

"अनुसूची-३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**मनोनयनपत्र दाखिला गर्ने कामको लागि काजमा ल्याउन सकिने थप जनशक्तिको विवरण**

| क.सं. | जिल्ला | सहायक कर्मचारी | सहयोगी कर्मचारी |
|---|---|---|---|
| १. | सोलुखुम्बु, संखुवासभा, भोजपुर, ओखलढुङ्गा, | दुईजना | एकजना |

| | | | |
|---|---|---|---|
| | ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, खोटाङ, रसुवा, दोलखा, रामेछाप, मुस्ताङ, म्याग्दी, पर्वत, अर्घाखाँची, मनाङ, लमजुङ, गोरखा, रूकुम (पूर्वी भाग), रोल्पा, सल्यान, प्यूठान, रूकुम (पश्चिम भाग), जाजरकोट, हुम्ला, मुगु, जुम्ला, कालिकोट, डोल्पा, दार्चुला, बझाङ, बाजुरा, बैतडी, डडेल्धुरा र डोटी | | |
| २. | इलाम, उदयपुर, सिन्धुली, मकवानपुर, काभ्रेपलाञ्चोक, भक्तपुर, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, तनहूँ, स्याङ्जा, बागलुङ, पाल्पा, गुल्मी, सुर्खेत, दैलेख र अछाम | तीनजना | दुईजना |
| ३. | झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), काठमाडौं, ललितपुर, कास्की, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर | पाँचजना | दुईजना” |